# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## को

## <u>प्रबन्ध-पत्र</u>

१. **<u>कम्पनीको पूरा नाम:</u>**

यो कम्पनीको नाम "**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**" रहने छ । अंग्रेजीमा यसलाई "इण्डष्ट्रियल डिष्ट्रिक्ट म्यानेज्मेन्ट लिमिटेड" (INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED) छोटकारीमा I.D.M.L. भनिने छ ।

२. **<u>कम्पनीको मुल कार्यालय:</u>**

कम्पनीको मूल कार्यालय काठमाडौंमा रहनेछ ।

३. **<u>कम्पनीको उद्देश्य:</u>**

नेपाल सरकारको औद्योगिक नीतिअनुरुप नेपाल अधिराज्यभित्र सरकारी, सार्वजनिक एवं निजी क्षेत्रमा स्थापना गरिने उद्योगहरुलाई निम्नलिखित आधारभूत सुविधाहरु उपलब्ध गराई देशको औद्योगिकरणमा योगदान दिने ।

क) औद्योगिक क्षेत्रहरुको संभाव्यता अध्ययन, संस्थापना, विकास, व्यवस्थापन, प्रवर्द्धन गर्ने यस उद्देश्य प्राप्तिको लागि खरिद, वहालमा लिन वा अन्य कुनै किसिमबाट जग्गा अधिग्रहण गर्ने, त्यसको विकास गर्ने, आवासीय, प्रशासकीय, गोदाम तथा कारखानाघर निर्माण गर्ने, सडक, ढल, विजुली, पानी इत्यादि आधारभूत सेवाहरुको व्यवस्था गर्ने, घर वा जग्गा वा दुवै विक्री गर्ने, ठेक्का लिने वा वहालमा दिने, सट्टा पट्टा गर्ने वा अन्य कुनै व्यवस्था गरी उद्यमीहरुलाई उद्योग एवं यसको विकासको निमित्त सहायक हुने व्यवसायहरुको संचालन गर्न दिने वा आफै उद्योग संचालन एवं व्यवस्थापन गर्ने, औद्योगिक क्षेत्रहरु र यसबाट प्रदान गरिने सेवाहरुको रेखदेख, नियन्त्रण, संचालन, व्यवस्थापन, प्रबर्द्धन एंव संवर्द्धन गर्ने ।

ख) औद्योगिक क्षेत्रभित्र स्थापना गरिने उद्योगहरुको प्राथमिकताको क्रम तोक्ने, स्थापित उद्योगहरुले पालना गर्नु पर्ने शर्त, यिनीहरुले पाउने सुविधा तथा यिनीहरुको कर्त्तव्य सम्वन्धमा नियम वनाउने ।

ग) औद्योगिक क्षेत्रभित्र स्थापित उद्योगहरुलाई कच्चा पदार्थ आपूर्ति गर्न, बैंकहरुवाट ऋण लिन, आयात एवं निर्यात लाइसेन्स उपलव्ध गर्न, नेपाल राष्ट्र बैंकवाट विदेशी मुद्रा उपलव्ध गर्न, उत्पादित वस्तुहरुको विक्री प्रवर्द्धन गर्न तथा उद्योगहरुलाई लाभप्रद तरीकावाट संचालन गराउन कम्पनी प्रयत्नशील रही उद्योगहरुलाई विभिन्न परामर्श, सल्लाह र सुझावहरु दिने ।

घ) औद्योगिक क्षेत्रहरुको प्रवर्द्धनको लागि चाहिने अध्ययन र अनुसन्धान गर्ने, औद्योगिक प्रवर्द्धन कार्यहरुमा तथा राष्ट्रिय अन्तर्राष्ट्रिय औद्योगिक वा व्यापार मेलाहरुमा भाग लिन र क्षेत्रभित्र स्थापित उद्योगहरुलाई भाग लिन लगाउने ।

ङ) औद्योगिक क्षेत्र भित्र लगानी प्रवर्द्धन गराउनको निमित्त औद्योगिक क्षेत्रभित्र उपलब्ध अवसरहरु, लगानीसम्वन्धी प्रचलित ऐन कानुन, नीति नियमहरुको व्यवस्था, लगानी योग्य परियोजनाहरु सम्वन्धी सूचनाहरुको संकलन, अध्ययन, विश्लेषण, प्रचार, प्रसार, विक्री-वितरण वा प्रकाशन गर्ने ।

च) नेपाल सरकारको औद्योगिक, वाणिज्य, आर्थिक एंव मौद्रीक नीतिवाट क्षेत्रभित्र स्थापित उद्योगहरुमा परेको असरहरु अध्ययन गरि सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने ।

छ) नेपाल कानुनको अधिनमा रही कर्मचारी, कामदार एंव सल्लाहकारहरु नियुक्त गर्ने, वरखास्त गर्ने, तिनीहरुको पारिश्रमिक, वोनश, अनुदान अन्य सुविधा र कर्तव्य तथा अधिकार तोक्ने ।

ज) शेयर, ऋणपत्र वा प्रत्याभूतिहरु खरिद गर्ने, खरिद गर्न ग्यारेन्टी दिने वा अन्य कुनै किसिमवाट अधिग्रहण गर्ने, विक्री वा अन्य कुनै किसिमवाट हक छाडी दिने ।

झ) चल एवं अचल सम्पत्तिहरु अधिग्रहण, खरिद, विक्री गर्ने, वहाल वा लिजमा लिने दिने, सट्टा पट्टा गर्ने । कम्पनी ऐनको अधिनमा रही कुनै सरकार, एजेन्सी, कम्पनी, फर्म वा व्यक्तिसंग ऋण, अनुदान लिने अथवा दिने ।

ण) कम्पनीका कारोवारको निमित्त देशभित्र अथवा बाहिर शाखाहरु खोल्ने, एजेन्ट नियुक्ति गर्ने अथवा अन्य कुनै किसिमको मेनेजमेन्टको व्यवस्था मिलाउने ।

ट) कम्पनीको कारोवार संचालन र व्यवस्थापन गर्न नियम विनियम वनाउने ।

ठ) कम्पनी संस्थापन हुनुअघि संचालन भईरहेको औद्योगिक क्षेत्रहरुका सम्पुर्ण कर्मचारीहरु, सम्पत्ति एवं जायजेथा एवं दायित्व नेपाल सरकारले तोकेको शर्तमा कम्पनीमा हस्तान्तरण गरि लिने ।

ढ) कम्पनीको उद्देश्य पूर्तिका लागि सहायक हुने वा अन्य गर्नु पर्ने काम कारवाही गर्ने ।

४. कम्पनीको पुंजी:

[1]कम्पनीको अधिकृत पुंजी रु. ५,००,००,००,०००।- (अक्षरुपी पाँच अर्ब) हुने छ र सो पुंजी रु. १००।- प्रति शेयरमा विभाजित हुने छ । [2]हाललाई रु. ५ अर्बको हुने र ५ करोड साधारण शेयर जारी गरि विक्री गरिनेछ ।

५. यो पब्लिक लिमिटेड कम्पनी भएकोले यसका शेयरवालाहरुको दायित्व लिन कबुल गरेको शेयरको रकममात्र सिमित रहने छ त्यस वाहेक शेयरवालाहरुको घर घरानावाट कम्पनीको कुनै दायित्व व्यहोर्नु पर्ने छैन ।

६. यो कम्पनी नेपाल सरकारको स्वामित्वमा रहेको हुनाले नेपाल सरकारको निर्देशानुसार संचालक समितिले आवश्यक विधि अपनाई कम्पनीको शेयर विक्री वितरण तथा वाँडफाँट वा दाखिल खारिज गर्न सकिनेछ ।

७. हाल वालाजु, पाटन, भक्तपुर, हेटौंडा, धरान, पोखरा, वुटवल, नेपालगंज, सुर्खेत तथा राजविराजमा संचालित औद्योगिक क्षेत्रहरुको २०४५ साल आषाढ मसान्तसम्मको वासलातवमोजिम सम्पुर्ण सम्पत्ति एवं जायजेथा र दायित्व यस कम्पनीले ग्रहण गर्नेछ र जायजेथा एवं सम्पत्तिवाट दायित्व र संकलित नोक्सानी कट्टा गरी वांकी रहन आएको रकमवाट चुक्ता पुंजीको रुपमा रु. ९३,६४,०००।- वरावरको शेयर नेपाल औद्योगिक विकास निगमको नाउंमा र वांकी रकमको शेयर नेपाल सरकारको नाउंमा जारी गरिने छ ।

[3]८. कम्पनीको अचल सम्पत्ति बिक्री गर्दा वा कुनै पनि प्रकारले हक हस्तान्तरण गर्दा नेपाल सरकारको पूर्वस्वीकृति लिनु पर्ने छ ।

हामी तल सही गर्ने व्यक्तिहरु यो प्रवन्ध पत्र अनुसार कम्पनीका रुपमा संगठनीत हुन इच्छुक भई क्रमश हामीहरुको नाम अघि लेखिए बमोजिमको शेयरहरु लिन स्वीकार गर्दछौं ।

| शेयर लिने व्यक्तिहरुको नाम र वतन | प्रत्येकले लिएका साधारण शेयर संख्या | दस्तखत | साक्षीहरुको सही, नाम तथा वतन |
|---|---|---|---|
| [4] नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८२,१६,३७० शेयर | द. राधारमण उपाध्याय | द.ध्रुव राजबंशी |
| [5] नेपाल सरकार अर्थ मन्त्रालय | ८२,१६,३७० शेयर | | |
| नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय | ४,५०,००० शेयर | द.शिवचन्द्र श्रेष्ठ | द.रेमन्त कार्की |
| [6]राष्ट्रिय वाणिज्य बैंक, काठमाण्डौ । | ९४,००० शेयर | द.अजित नारायणसिंह थापा | द.रमेशचन्द्र प्याकुर्‍याल |

[1] मिति २०७३।११।६ गते बसेको १८ औं वार्षिक साधारणसभाद्वारा संशोधित ।
[2] मिति २०७१।३।२३ गते बसेको २१ औं वार्षिक साधारणसभाद्वारा संशोधित ।
[3] मिति २०५९।८।८ गते बसेको चौथो वार्षिक साधारणसभाबाट थप भएको ।
[4] मिति २०७७।२।३१ गते बसेको सञ्चालक समितिको ५८४ औं बैठकबाट संशोधन भएको ।
[5] मिति २०७७।२।३१ गते बसेको सञ्चालक समितिको ५८४ औं बैठकबाट संशोधन भएको ।
[6] नेपाल सरकारको निर्णय अनुसार तत्कालीन नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंकमा गाभिएको ।